रो० ग्र० बि० के/श्र० ब० स० सू । २५

# श्रम बजार सम्बन्धि सूचना

(रूपन्देही जिल्लाको सिध्दार्थनगर तथा बुटवल नगर पंचायतहरू र यस्को नजिकको गाउं पंचायतहरूमा जनशक्ति र तालिम आवश्यकता बारे अध्ययन प्रतिबेदन)

000014

Nepal National Library

श्री ५ को सरकार

## श्रम तथा सामाजिक कल्याण मन्त्रालय

## श्रम बिभाग

## रोजगार अनुसन्धान तथा विकास केन्द्र

पुतली सडक, काठमाडौं

फोन नं. ४–११३८०

२०४४/४५(१९८८)

१.१२
3
५

C.N. ६66

000014

Nepal National Library

# विषय सूची


| विषय | | पेज नं. |
|---|---|---|
| परिच्छेद I | | |
| | भूमिका | क |
| | सर्वेक्षणको उद्देश्य | ख |
| | अध्ययनको उद्देश्य | ग |
| | सर्वेक्षण विधि र अवधि | घ |
| | सुझावहरू | घ |
| परिच्छेद II | | |
| | जिल्ला परिचय | १ |
| | रोजगारको स्वरूप | ३ |
| | रोजगार वृद्धिमा परेका कठिनाईहरू | ८ |
| | गैर नेपालीहरूको संलग्नता | ६ |
| | जनशक्तिको माग | ११ |
| | जनशक्तिको आपूर्ति | १३ |
| | जनशक्ति माग र आपूर्ति विच समन्वय | १४ |
| | निष्कर्ष | १६ |


000014
Nepal National Library

# भूमिका

आर्थिक विकासमा शिपयुक्त जनशक्तिले महत्वपूर्ण भूमिका खेल्न शक्छ भन्ने कुरामा सवैको एकै मत होला भन्ने मलाई पूर्ण विश्वास छ । जनशक्ति संम्वन्धि तथ्यांकको अभावमा विभिन्न विकास र निमार्णका कार्यहरू गर्न कठिनाई हुने हुंदा यस संम्वन्धि तथ्यांकको माग दिन प्रति दिन वढदै गएको देखिन्छ । यसै तथ्यलाई महसूस गरि श्रम विभाग रोजगार अनुसंन्धान तथा विकास केन्द्रले विभिन्न जिल्लाहरू मा जनशक्ति र तालिम आवश्यकता वारे छुट्टा छुट्टै प्रतिवेदनहरू तयार पार्दै आएको छ । यस प्रतिवेदनमा सिद्धार्थ नगर लगायत रूपन्देही जिल्लामा जनशक्ति र तालिम आवश्यकता वारे स्थलगत अध्ययन गरि त्यहांको स्थितीको वर्णन गरिएको छ । जनशक्ति विकास संम्वन्धि चाख राख्नेहरूलाई यसले मदृत पुऱ्याउने छ भन्ने मलाई पूर्ण विश्वास छ ।

अन्त्यमा यो प्रतिवेदन तयार पार्न अभिरूची लिई आवश्यक कार्यहरू गर्नु भएकोमा केन्द्रका कर्मचारीहरू श्री सुभाष राज पाठक, श्री वीरेन्द्र कुमार माझी, श्री एक राज भण्डारी, श्री जयन्त अधिकारी र श्री सानु राजा महर्जन लाई धन्यवाद दिन चाहन्छु ।

२०४४ साल

(हरि प्रसाद पोखरेल)
महा निर्देशक
श्रम विभाग

२. शर्भेक्षणको उद्देश्य :-

कुनै पनि राष्ट्रको आर्थिक विकासमा मानविय श्रोत र भौतिक साधनको समुचित परिचालनले निर्विवाद रुपमा महत्वपूर्ण भूमिका खेल्दछ । तसर्थ देशमा विद्यमान श्रोत र साधनलाई वहुसंख्यक जनताहरुको हितको लागि उपयुक्त ढंगले परिचालन गर्न नितान्त जरूरी हुन्छ । आर्थिक विकासमा मानविय साधनले खेल्न सक्ने महत्वपूर्ण भूमिकालाई सवैले स्विकरेकै देखिन्छ । विकासशिल देशहरुमा पर्याप्त शिपविहिन वेरोजगार तथा अर्ध वेरोजगारहरू छन भने अर्को तिर आर्थिक विकासको निम्ति संचालित विकास तथा निमार्ण आयोजनाहरू तथा उद्योग प्रतिष्ठानहरुमा आवश्यक पर्ने शिपयुक्त जनशक्तिको अभाव महसूस गरिएको छ । यस समस्यावाट हाम्रो देश नेपाल वन्चित नभएको र यहां नेपाली शिपयुक्त जनशक्तिको अभावको कारण विभिन्न क्षेत्रहरुमा गैर नेपालीहरुको होडवाजी चलेको देखिन्छ । तसर्थ वढि से वढि नेपालीहरू लाई उत्पादन कार्यमा संलग्न गराई रोजगार मूलक वनाई उनीहरुको क्रयशक्ति र जीवनस्तर उठाउदै लैजान श्री ५ को सरकारको उद्देश्य रहि आएको हुंदा यस उद्देश्य प्रतिको निम्ति देशमा उत्पादन शिल कार्य र निमार्ण कार्यहरुको लागि आवश्यक पर्ने जनशक्तिको आवश्यकता र तालिम आदि वारे विस्तृत जानकारी हुनु नितान्त आवश्यक देखिन्छ । अत: उपयुक्त कुराको विस्तृत जानकारी गराउने उद्देश्यले श्रम विभाग रोजगार अनुसन्धान तथा विकास केन्द्रले पटक पटक गरि विभिन्न जिल्लाहरू को श्रम वजार संम्वन्धि सूचनाहरू संकलन गरि प्रतिवेदनहरू तयार पार्दै आईरहेको छ । यस आ.व. २०४४।०४५ मा लुम्विनी अंचलको रुपन्देही जिल्लाको सिद्दार्थ नगर र वुटवल नगर पंचायत र यिनीहरुको अगसपासको गाउं पंचायतहरुमा जनशक्ति र तालिम आवश्यकता अध्ययन शर्भेक्षण गरि त्यहांको श्रम वजारको वास्तविक स्थिती उल्लेख गर्ने प्रयास यस प्रतिवेदनमा गरिएको छ ।

३. अध्ययनको उद्देश्य :-

निम्न उद्देश्यहरू प्राप्तीको लागि रुपन्देही जिल्लाको श्रम वजार संम्वन्धि शर्भेक्षण अध्ययन गरिएको थियो ।

(१) हाल विद्यमान र निकट भविष्यमा आवश्यक पर्ने जनशक्ति वारे जानकारी गर्नु ।
(२) रोजगारका अवसरहरू वृद्धि गर्नमा अवरोधका रुपमा रहेका तत्वहरू पत्ता लगाउनु।
(३) रोजगारीको अवसरहरू पूर्ति गर्ने उद्देश्यले आवश्यक शिपहरू विकास गर्न संम्वन्धित निकायहरूलाई सहयोग पुऱ्याउन ।
(४) स्वंय रोजगारी तिर वढि उन्मुख गराउन स्थनीय श्रोतमा आधारित व्यवसाय संम्वन्धि आवश्यक तालिम संचालन गराउन ।
(५) आवश्यक जनशक्ति वारे संम्वन्धित निकाय वा तालिम केन्द्रलाई जानकारी दिलाउंन ।
(६) विकास परियोजनाहरूको लागि चाहिने श्रमिकहरूको आपूर्ति जिल्ला भित्रका वेरोजगार तथा अर्ध वेरोजगारहरू वाट गराउन ।
(७) विनासमा जान लागेको पंरम्परागत शिपलाई विकास गरि रोजगारीको अवसर वृद्धि गर्न ।
(८) ग्रामिण क्षेत्रमा रहेको कोरा जनशक्तिलाई तालिम दिलाई उत्पादनशिल कार्यतर्फ अग्रसर गराउन ।
(९) ग्रामिण तथा शहरी क्षेत्रमा श्रम वजार संम्वन्धि सूचनाको स्थायी व्यवस्था गर्न ।

## ४. शर्भेक्षण विधि र अवधि :-

संगठित उद्योग प्रतिष्ठानहरू संग सम्वन्धित तथ्याङ्क प्रत्येक प्रतिष्ठानहरूमा भ्रमण गरि संकलन गरिएको थियो । जसमा सिद्धार्थ नगर नगर पंचायत र वुटवल नगर पंचायतहरूमा अवस्थित धेरै जसो उद्योग प्रतिष्ठानहरू समावेश भएका छन । शहरी तथा गामिण रोजगार, स्थानीय श्रोत, वजार आदि संग सम्वन्धित सम्पूर्ण तथ्याङ्क सरकारी कर्मचारीहरू, प्रधान पंच, उप-प्रधान पंच, वार्ड सदस्य, स्थान संग परिचित व्यक्तिहरू संग सोधपुछ गरि नमूनाको रूपमा प्राप्त गरिएको थियो । तथ्याङ्क संकलनको लागि प्रश्नावलीको प्रयोग गर्नुको साथै मौखिक जानकारी समेत लिइएको थियो । तथ्याङ्क संकलन गर्न करिव २५ दिन लागेको र शर्भेक्षण टोलीले नगर र गाउं पंचायतहरूको स्थलगत भ्रमण गरेको थियो ।

## ५. सुझावहरू :-

शर्भेक्षण अध्ययनवाट प्राप्त तथ्याङ्क र अन्य सूचनाहरूको आधारमा शर्भेक्षण टोलीले निम्न सुझावहरू प्रस्तुत गर्दछ ।

(१) विश्वका अन्य देशहरूमा जस्तै हाम्रो देशमा पनि वेरोजगार तथा अर्ध वेरोजगारहरूको संख्या दिन प्रति दिन वढि रहेको तथ्य कतैवाट छिप्न शकैन । तसर्थ वेरोजगार तथा अर्ध वेरोजगार सम्वन्धि समस्या समाधान गर्नको लागि रोजगारीका नयां नयां अवसरहरू वृद्धि गर्नु पर्ने र विभिन्न शिप सम्वन्धि प्रशिक्षणको व्यवस्था मिलाउनु पर्ने देखिन्छ ।

(२) वहसंख्यक जनताहरू ग्रामिण क्षेत्रमा वसोवास गर्ने हुंदा ग्रामिण क्षेत्रमा रोजगारीका अवसरहरू वृद्धि गर्ने तर्फ ध्यान दिनु पर्ने देखिन्छ । यसको लागि ग्रामिण

तथा घरेलु उद्योग विभागको कार्यालयले घरेलु उद्योग बारे प्रचार प्रसार गर्नु पर्ने जस्ले गर्दा ग्रामिण क्षेत्रमा उद्योगहरू खुल्न जाने र रोजगारी समेत वढ्न जाने देखिन्छ ।

( ३ ) नेपाल एक कृषि प्रधान देश भएता पनि कृषिमा विविधीकरण हुन सकेको छैन । खेत बारीमा काम गर्नु लाई मात्र कृषि कार्य सम्झिने प्रचलन छ । तसर्थ ग्रामिण क्षेत्रमा वसोवास गर्ने मानिसहरूलाई कुखुरा पालन, वंगुर पालन, माछा पालन, मौरी पालन, जस्ता विषयहरूमा सम्वन्धित निकायहरूवाट सहयोग, सरसल्लाह र प्रशिक्षण दिन सकेको खण्डमा ग्रामिण जनताहरूको आय तथा रोजगारी वढ्न जाने देखिन्छ । तसर्थ उपरोक्त कुराहरू गर्न गराउन शर्मेक्षण टोली सुझाव पेश गर्दछ ।

(४) जिल्लामा संचालित उद्योग प्रतिष्ठानहरू आवश्यक कच्चा पदार्थको अभावले गर्दा पूर्ण क्षमतामा संचालन हुन सकिराखेका छैनन् । जस्ले गर्दा आय तथा रोजगारीमा नकारात्मक असर परि रहेको छ । तसर्थ सम्वन्धित निकायले आवश्यक कच्चा पदार्थहरू नियमित रूपमा उपलब्ध गराउनु पर्ने कुरामा शर्मेक्षण टोली सुझाव पेश गर्दछ ।

( ५ ) देशमा उद्योग प्रवर्धनको ज्यादै खाँचो भएको हुंदा औद्योगिक सेवा केन्द्रवाट उद्योग प्रवर्धनको निम्ति वढि चासो लिई आवश्यक कदमहरू चाल्नु पर्ने र हाल संचालित उद्योग प्रतिष्ठानहरूलाई परिरहेको समस्याहरू हटाउंन अझ वढि प्रयासहरू गर्नु पर्ने सुझाव शर्मेक्षण टोली प्रस्तुत गर्दछ ।

( ६ ) श्रम विभागवाट गैर नेपालीहरूलाई काममा लगाउन वढि हतउत्साह गर्नु पर्ने र वर्क पर्मिट दिंदा काउन्टर पार्ट राखाउने कार्यलाई कडाई साथ लागू गर्नु पर्ने काउन्टर पार्ट राखे नराखेको बारे जानकारी लिन समय समयमा विभागको सम्वन्धित शाखाले निरिक्षण गर्नु पर्ने सुझाव गरिन्छ । यस कारले गर्दा गैर नेपालीहरूको ठाउंमा नेपालीहरू प्रतिस्थापन हुन जाने छन ।

( ७ ) यस जिल्लामा सिर्जना भएका रोजगारीका अवसर हरूको उपभोग गैर नेपालीहरूले ठूलो मात्रामा गरिरहेका छन । तसर्थ वढि से वढि नेपालीहरूलाई आधार

शिपहरूमा स्तरयुक्त प्रशिक्षण प्रदान गर्नु पर्ने देखिन्छ । यस व्यवस्थाको लागि प्रशिक्षण संग सम्बन्धित सबै निकायहरूले आफ्नो प्रशिक्षण कार्यक्रम प्रभावकारी रूपमा संचालन गर्नु पर्दछ । यस्तो गर्न सकेको खण्डमा क्रमश गैर नेपालीहरूको संलग्नता कम हुदै जाने र उनीहरूको ठाउँ नेपालीहरूले लिई नेपालीहरूको आय तथा जीवन स्तर बढन जाने छ ।

( ८ ) यस जिल्ला स्थित श्रमिक आपूर्ति केन्द्रको आर्थिक श्रोत बढाएर हाल संचालन गरिराखेको तालिम र अन्य कार्यकलापलाई सुदृढिकरण गर्दै लैजानु पर्ने र यसको साथै उद्योग प्रतिष्ठानहरूमा संचालन भइरहेको अप्रेन्टिस तालिमको संख्या वृद्धि गर्नु पर्ने सुझाव पेश गरिन्छ । यस व्यवस्थाबाट श्रमिक आपूर्ति केन्द्र लाभदायक सिद्ध हुन जाने छ ।

( ९ ) विदेशबाट आयातित वस्तुहरू संगको प्रतिस्पर्धाले गर्दा जिल्लास्थित उद्योगहरूलाई निकै असजिलो पारिरहेको छ जस्ले गर्दा रोजगारी तथा उत्पादनमा असर पर्न गएको टड्कारो रूपमा देख्न सकिन्छ । जिल्लास्थित उद्योगहरूको संरक्षण र संवर्धनको लागि आयात सिमित गरि आयात महसूल समेत वृद्धि गर्नु पर्ने कुरामा सुझाव पेश गरिन्छ ।

(१०) कच्चा पदार्थ भारत वा अन्य मूलुकहरू बाट झिकाउनु पर्ने उद्योगहरूलाई आयात इजाजत सूलभ तरिकाबाट छिटो उपलब्ध गराउनु पर्ने र कच्चा पदार्थको आयात महसूल पनि ज्यादै कम गर्नु पर्ने सुझाव दिइन्छ । जस्ले गर्दा रोजगारी तथा आयमा वृद्धि हुन जाने देखिन्छ ।

६. जिल्ला परिचय :-

पश्चिमान्चल विकास क्षेत्रको मुख्यालयको रुपमा रहेको रुपन्देही जिल्लाको उत्तरमा पाल्पा जिल्ला, दक्षिणमा छिमेकी देश भारत, पूर्वमा महाव नदि र पश्चिममा कोठी नदिले क्रमश नवलपरासी र कपिलवस्तु जिल्ला संग अलग गरेको छ। यस जिल्लाको क्षेत्रफल ११७२ वर्ग किलो मिटर छ । रुपन्देही जिल्लाको सदरमुकाम भैरहवा हो भने वुटवल अन्चल सदरमुकाम हो । यस जिल्लाका आदिवासी थारु हुन । यहां थारु र यादवहरुको वसोवास वढि मात्रामा भएको पाइन्छ । अधिराज्यका विभिन्न ठाउंहरुवाट आएर ब्राम्हण, क्षेत्री, गुरुङ, नेवार आदि पनि वसोवास गरिरहेका छन ।

यस जिल्लाको मुख्य आर्थिक आधार कृषि हो तापनि भैरहवा र वुटवल व्यापारिक केन्द्रको रुपमा विकास भएका छन । धेरै अघि देखि वुटवल पश्चिमी पहाडी क्षेत्रको मुल ढोकाको रुपमा रहि आएको व्यापारिक केन्द्र हो । यस क्षेत्र वाट छिमेकी देश भारत ध्यू, सुठो, जडिवुटी आदि निकासी हुन्छन । हाल सिद्धार्थ राजमार्ग र महेन्द्र राजमार्गको निर्माणले गर्दा यस जिल्लाको स्वरुपै वदलिन गएको छ ।

लुम्विनी अंन्चलको कुल जनसंख्याको करिव २०.८ प्रतिशत जनसंख्या यस रुपन्देही जिल्लामा वसोवास गर्दछन । २०३८ सालको जनगणना अनुसार याहां पुरुष १६,७२५४ र महिला १८१७७६ गरि जम्मा ३७९०३० जनसंख्या भएको थाहां भएको छ । यस जिल्लाको सरदर जनघनत्व ३.२ प्रति हैक्टर अथार्त १० हैक्टमा करिव ३२ व्यक्ति भएको देखिन्छ । यहांको जनसंख्यामा १५ वर्ष सम्म उमेर पुगेकाहरुको प्रतिशत करिव ४० प्रतिशत देखिन्छ ।

यातायात, विजुली तथा उद्योग क्षेत्रमा विकास हुदै गएको र वन सम्पदाले सुसंम्पन्न रहेको यस रुपन्देही जिल्लाको आर्थिक विकास विस्तार विस्तारै हुदै गई रहेको छ । यस जिल्लामा दुईवटा नगर पंचायतहरू श्री ५ को सरकार र गैर सरकारी कार्यालयहरू, वैंक, क्याम्पस, विभिन्न प्रशिक्षण केन्द्रहरू नगर पंचायत क्षेत्रभित्र अवस्थित छन । पाल्पा, स्याङ्जा, गुल्मि, वाग्लुङ जिल्लाका वासिन्दाहरू यस जिल्लामा आई विभिन्न व्यवसाय अपनाई वसि रहेका छन ।

यस जिल्लाको मुख्य आधार कृषि रहि आएको छ । करिव ९२ प्रतिशत जनता कृषिमा आश्रित छन । सिद्धार्थनगर तथा वुटवलमा वस्नेहरू केहि उद्योग र व्यापारमा पनि लागेका छन । कृषि तथ्यांक अनुसार रुपन्देही जिल्ला खाद्यान्न वचत जिल्ला मानिएको छ । वचत भएको खाद्यान्न भारत निकासी गर्नुको साथै अन्य जिल्लाहरूमा लाने गरेको कुरा थाहा हुन आएको छ । खाद्यान्न वाहेक यस जिल्लावाट घ्यु, मह, जडिवुटी भारततिर निकासी हुने गरेको थाहा भएको छ । धान, मकै, गहुं, दालहरू, यहांका मुख्य वालि हुन । यसको साथै माछापालन तर्फ यस जिल्लाका कृषकहरू निकै रुची लिएर खेती गरेको देखिन्छ ।

वुटवल तथा सिद्धार्थनगर नगर पंचायत या जिल्लाको उद्योग तथा व्यापारका मुख्य केन्द्र हुन । भौगोलिक दृष्टिकोणले यी वजारहरू भारत सिमाना नजिक रहेको र पश्चिमी क्षेत्रको भारत संग आवागमन गर्ने मुख्य केन्द्रको रुपमा रहेको हुंदा यस जिल्लाले पश्चिमाञ्चल विकास क्षेत्रको व्यापारी कारोवार सर्वोपरी स्थान राख्दछ।

वुटवलमा एक औद्योगिक क्षेत्र स्थापना भई विभिन्न उद्योगहरू संचालन भइरहेका छन भने भैरहवा क्षेत्रमा केहि ठुला ठुला उद्योगहरूको स्थापना र संचालन भइसकेको छ । यो जिल्ला औद्योगिकरण तर्फ विस्तार अगाडी वढि रहेको छ । उद्योगहरूको विकास र विस्तारले गर्दा यस क्षेत्रका जनताहरूलाई निकै रोजगारीका अवसरहरू प्राप्त भएका छन ।

शान्तिका प्रतिक गौतम बुद्धको जन्मस्थान लुम्बिनी यसै जिल्लामा पर्ने हुंदा यस जिल्लामा पर्यटकहरूको आवागमन निकै वढि रहेको छ । भविष्यमा यो जिल्ला निकै गुल्जार हुने देखिन्छ ।

७. रोजगारको स्वरुप :-

केहि वर्ष यता देखि रुपन्देही जिल्लामा रोजगारीमा निकै वृद्धि भएको देखिन्छ र भविष्यमा अझ वढि मात्रामा वृद्धि हुने संभावना रहेको छ । यस जिल्लामा दुईवटा नगर पंचायतहरू ,यातायात र विद्युतको सुविधा,औद्योगिक क्षेत्रको स्थापना ,निजी क्षेत्रमा उद्योग प्रतिष्ठानहरूको वृद्धि आदि कारणहरूले गर्दा नयां २ रोजगारीका अवसरहरूको सिर्जना भइरहेको छ । यसको गति ग्रामिण क्षेत्रमा भन्दा शहरी क्षेत्रमा वढि देखिन्छ । ग्रामिण क्षेत्रमा कृषि वाहेक अन्य रोजगारीको अवसर वृद्धि कम मात्रामा मात्र भएको देखिन्छ । यो ज्यादै चिन्ताको विषय भएको छ किन भने शहरी क्षेत्रमा भन्दा ग्रामिण क्षेत्रमा वसोवास गर्नेहरूको संख्या वढि हुनुको साथै ग्रामिण क्षेत्रमानै वेरोजगार तथा अर्धवेरोजगारहरूको संख्या वढि छ ।

शर्भेक्षण टोलीले दुईवटा नगर पंचायतहरू र यिनको आसपासका गाउं पंचायतहरूमा स्थित मुख्य मुख्य उद्योग प्रतिष्ठानहरूवाट तथ्यांक संकलन गरेको थियो । शर्भेक्षण गरिएका जम्मा ४५ वटा उद्योग प्रतिष्ठानहरूमा जम्मा जम्मी २१०७ व्यक्तिहरू कार्यरत देखिन्छन । जसमा पुरूष १९३० र महिला १७७ जना छन । तालिका नं. १ (क)मा शर्भेक्षण गरिएका उद्योग प्रतिष्ठानहरूको उत्पादन प्रकृति अनुसार वर्गिकरण र पुरूष र महिला रोजगारी वारे दिइएको छ । त्यस्तै तालिका नं.१ (ख)मा विभिन्न पेशामा संलग्न नेपाली र गैर नेपालीहरूको वारेमा दिइएको छ । त्यस्तै तालिका नं.२ मा रोजगारीको आधारमा उद्योग प्रतिष्ठानहरू दिइएको छ ।

तालिका नं. १ (क)

उद्योग प्रतिष्ठानहरूको उत्पादन प्रकृति अनुसार वर्गीकरण र पुरूष तथा महिला रोजगारी :

| क्र.सं. | उद्योग प्रतिष्ठानहरू | संख्या | पुरूष | महिला | जम्मा |
|---|---|---|---|---|---|
| १. | फलाम सम्वन्धि उद्योगहरू | १५ | २८१ | १६ | २९७ |
| २. | स:मिल र फर्निचर उद्योगहरू | ७ | २८३ | १३ | २९६ |
| ३. | छापाखाना उद्योगहरू | ६ | ६० | २ | ६२ |
| ४. | पाउरोटी र विस्कुट उद्योगहरू | ५ | २६२ | ७५ | ३३७ |
| ५. | ल्वक र मोज्याक उद्योग | ३ | २७ | – | २७ |
| ६. | अन्य उद्योगहरू | ९ | १०१७ | ७१ | १०८८ |
| | जम्मा: | ४५ | १९३० | १७७ | २१०७ |

नोट :- अन्य उद्योग :- (१) वुटवल कपडा उद्योग (प्रा) लि. (२) नेपकोल (प्रा) लि. (३) सार्प एब्रासिभ एण्ड एलाइड प्रोडक्सन प्रा. लि. (४) लक्ष्मी हवाई चप्पल (५) वुटवल रवर उद्योग (६) महेन्द्र सुगर एण्ड जनरल इण्डष्ट्रिज (७) शिभ शक्ति शोप इण्डष्ट्रिज (८) नेपाल छाला उद्योग प्रा. लि. (९) पंच कन्या प्लाष्टिक इण्डष्ट्रिज प्रा. लि.

## तालिका नं. १ (ख)

बिभिन्न पेशामा संलग्न नेपाली तथा गैर नेपालीहरू :

| उच्चस्तरिय प्राविधिक | नेपाली | | गैर नेपाली | | जम्मा |
|---|---|---|---|---|---|
| | पुरूष | महिला | पुरूष | महिला | |
| केमिष्ट डिप्लोमा | २ | – | ३ | – | ५ |
| ,, सर्टिफिकेट | १ | – | १ | – | २ |
| मेकानिकल इन्जिनियर | ३ | – | १ | – | ४ |
| ,, सर्टिफिकेट | २ | – | – | – | २ |
| केमिकल इन्जिनिय डिप्लोमा | ३ | – | – | – | ३ |
| ,, ,, सर्टिफिकेट | – | – | – | – | – |
| इलेक्ट्रिकल इन्जिनियर डिप्लो | – | | ३ | – | ३ |
| ,, ,, सर्टिफिकेट | – | | – | – | – |
| चिफ इन्जिनियर ल्याब केमिष्ट | २ | – | १ | – | ३ |
| स्टिल म्यान | २ | – | १ | – | ३ |
| डष्ट म्यान | १ | – | २ | – | ३ |
| सहायक डिष्टिलर | १ | – | – | – | १ |
| मेडिकल अफिसर | १ | – | – | – | १ |
| हेल्थ असिस्टेन्ट | १ | – | – | – | १ |
| ड्राफ्ट म्यान | २ | – | १ | – | ३ |
| इन्भेन्टरी क्लर्क | १ | – | – | – | १ |
| क्वालीटी कन्ट्रोलर | १ | – | – | – | १ |
| | २३ | – | ३ | – | ३६ |

| २. प्रशासनिक कर्मचारीहरू | नेपाली | | गैर नेपाली | | जम्मा |
|---|---|---|---|---|---|
| | पुरूष | महिला | पुरूष | महिला | |
| डाइरेक्टर वर्ग प्रोप्राइटर | ५२ | २ | १ | – | ५५ |
| म्यानेजर | १६ | – | १ | – | १७ |
| प्रवन्धक | ३ | – | – | – | ३ |
| प्लानिङ० एण्ड सुपरभिजन | ५ | – | – | – | ५ |
| एकाउन्टेन्ट ( डिप्लोमा) | ७ | – | – | – | ७ |
| ,, ( सर्टिफिकेट) | १७ | – | – | – | १७ |
| ,, (अन्य) | ३ | – | – | – | ३ |
| क्यासियर (अधिकृत)स्तर | ६ | – | – | – | ६ |
| प्रशासनिक सहायक | ५० | १ | – | – | ५१ |
| ल्कर्क क्यासियर | [illegible] | १ | – | – | ८ |
| प्रोक्यूसेन्ट अफिसर | १ | – | – | – | १ |
| ,, सहायक | १ | – | – | – | १ |
| डिजायनिङ० अफिसर | १ | – | – | – | १ |
| विजनेस ,, | २ | – | – | – | २ |
| पर्शनल अफिसर | १९ | – | ६ | – | २५ |
| सेल्स इन्चार्ज | २ | – | – | – | २ |
| आन्तरिक लेखा परिक्षक | १ | – | – | – | १ |
| संम्पर्क अधिकृत | १ | – | – | – | १ |
| प्रोडक्सन म्यानेजर | ४ | – | – | – | ४ |
| असिस्टेन्ट ,, | १ | – | – | – | १ |
| पर्चेजर | २ | – | – | – | २ |
| खरिद सहायक | १ | – | – | – | १ |

| | | | | | |
|---|---|---|---|---|---|
| सेल्स सहायक | १७ | – | – | – | १७ |
| स्टोर इन्चार्ज | १ | – | – | – | १ |
| ,, किपर | १८ | – | – | – | १८ |
| टाइम किपर | ६ | – | – | – | ६ |
| सुपर भाइजर | १० | – | – | – | १० |
| स्टेनोग्राफर टाइपिष्ट | ५ | २ | – | – | ७ |
| कास्टिङ० क्लर्क | २ | – | – | – | २ |
| सेक्यूरिटि गार्ड | १ | – | – | – | १ |
| गार्ड कमाण्डर | ३ | – | – | – | ३ |
| ,, पियन | १२२ | – | – | – | १२२ |
| जंगलको मुन्सी | ३ | – | – | – | ३ |
| स्वीपर | ७ | २ | – | – | ९ |
| जम्मा: | ४०१ | ८ | ८ | – | ४१७ |

| ३. दक्ष र अर्धदक्ष कामदारहरू | नेपाली | | गैर नेपाली | | जम्मा |
|---|---|---|---|---|---|
| | पुरुष | महिला | पुरुष | महिला | |
| फोरम्यान टेक्निकल सुपरभाइजर | १८ | – | ३ | – | २१ |
| लेथ मेशिन अप्रेटर | ३७ | – | ४ | – | ४१ |
| ,, ,, हेल्पर | ३७ | – | २४ | – | ६१ |
| काभर | २ | – | – | – | २ |
| गल्भ नाइजिङ० सेल्फ चिफ | १ | – | – | – | १ |
| ,, ,, असिस्टेन्ट | १ | – | – | – | १ |
| टुल रुम सुपरभाइजर | १ | – | – | – | १ |
| ,, ,, हेल्पर | ८ | – | – | – | ८ |
| ब्वाइलर अप्रेटर | २ | – | – | – | २ |
| इन्जिनियरिङ० फिटर | १ | – | – | – | १ |
| फिटर | ३ | १ | २ | – | ६ |
| सेपर | २ | – | १ | – | ३ |
| टर्नर | ४ | – | १ | – | ५ |
| वेल्डर | २१ | – | १ | – | २२ |
| मेटल वर्कर | २१ | – | २ | – | २३ |
| ड्रिलर | ४ | – | – | – | ४ |
| कटर | ४ | – | – | – | ४ |
| इलेक्ट्रिसियन | १४ | १ | २ | – | १७ |
| फायर म्यान | १ | १ | – | – | २ |
| ,, हेल्पर | २० | ९ | १ | – | ३० |
| मेकल ड्राइभर | ३ | – | – | – | ३ |
| ,, ,, हेल्पर | १ | – | – | – | १ |

| | | | | | |
|---|---|---|---|---|---|
| लोहार मिस्त्री र अन्य | २४ | १ | – | – | २५ |
| ,, ,, हेल्पर | २ | – | – | – | २ |
| कार्पेन्टर (सिकर्मी) | २३ | १ | १० | – | ३४ |
| पेन्टर स्प्रे पेन्टर | १ | – | – | – | १ |
| पोलिसर | १० | २ | – | – | १२ |
| प्लाण्ट अप्रेटर | १ | – | – | – | १ |
| ब्वाइलर एटेन्डेण्ट | १ | – | – | – | १ |
| ग्लु अप्रेटर | १ | – | – | – | १ |
| मेशिन मेन्टिनेन्स | १ | – | – | – | १ |
| कटिङ० माष्टर | १ | – | – | – | १ |
| रबर मेशिन म्यान | ६ | – | – | – | ६ |
| ,, ,, हेल्पर | ४ | – | – | – | ४ |
| चप्पल मेशिन म्यान | १ | – | – | – | १ |
| ,, ,, हेल्पर | ५ | – | – | – | ५ |
| मोज्याक मिस्त्री (डकर्मी) | ३ | – | – | – | ३ |
| ,, ,, हेल्पर | ७ | – | – | – | ७ |
| कम्पोजिटर | १२ | १ | २ | – | १५ |
| मेशिन म्यान | ८ | – | ४ | – | १२ |
| वाइण्डर | १७ | १ | – | – | १८ |
| कापी तयार गर्ने मिस्त्री | – | – | २ | – | २ |
| ,, ,, ,, हेल्पर | ७ | – | – | – | ७ |
| वेकर | – | – | १ | – | १ |
| ,, हेल्पर | ५ | १ | – | – | ६ |
| विस्कुट प्याकर | १४८ | ६५ | ३ | – | २१६ |
| विभर | ४६ | १० | १ | – | ६० |
| जम्मा :- | ५४३ | ९७ | ६१ | – | ७०१ |

४. अदक्ष श्रमिकहरू :-

| क्र.सं. | नेपाली | | गैर नेपाली | | जम्मा |
|---|---|---|---|---|---|
| | पुरुष | महिला | पुरुष | महिला | |
| १. | ६४३ | ६५ | – | – | ७०८ |

५. पेशा नखुलेको कामदारहरू :-

| क्र.सं. | वर्गीकरण | नेपाली | | गैर नेपाली | | जम्मा |
|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | पुरुष | महिला | |
| १. | उच्च दक्ष | १५ | – | ११ | – | २६ |
| २. | दक्ष | ४६ | – | ५ | – | ५१ |
| ३. | अर्ध दक्ष | १५६ | ७ | ५ | – | १६८ |
| | जम्मा : | २१७ | ७ | २१ | – | २४५ |

## तालिका नं. २

रोजगारीको आधारमा उद्योग प्रतिष्ठानहरू :

| क्र.सं. | संख्या ( उद्योगहरू ) | रोजगारीको संख्या |
|---|---|---|
| १. | ३३ | १ देखि २५ सम्म |
| २. | ५ | २६ देखि ५० ,, |
| ३. | ४ | ५१ देखि १०० ,, |
| ४. | १ | १०१ देखि २०० ,, |
| ५. | १ | २०१ देखि ४०० ,, |
| ६. | १ | ४०० देखि माथि |
| | ४५ | |

रुपन्देही जिल्लाको दुईवटा नगर पंचायतहरू र नजिकका गाउं पंचायतहरुमा संचालित ठुला तथा साना मुख्य मुख्य उद्योग प्रतिष्ठानहरुमा चामल,दाल,तेल,पिठो मिलहरू,फर्निचर,विस्कुट,इंटा चिम्नी,सावुन,चिनी,छाला,अलमुनियम,सलाई,प्रिन्टिङ० प्रेस ,पाउरोटी,स:मिल,पूति कपडा,आइस्त वर्क्स,मेटल वर्क्स,डिष्टिलरी,वडि विल्डर्स आदि छन । यिनै उद्योग प्रतिष्ठानहरुले रोजगार वृद्धिमा निकै ठुलो भूमिका खेलिरहेका छन । प्राय जसो यि उद्योगहरू नगर पंचायत क्षेत्र भित्र स्थापना भरका छन । केहि राइस मिलहरू र इंटा चिम्नीहरू गाउं पंचायतहरुमा स्थापना भरका छन ।

शर्भेक्षण टोलीले शर्भेक्षणको समयमा उद्योग प्रतिष्ठानहरू सँग सम्वन्धित व्यक्तिहरू सँग उनिहरुको उद्योग प्रतिष्ठानहरू वारे विभिन्न प्रश्नहरू गरेका थिए । निकट भविष्यमा उद्योग प्रतिष्ठानहरुमा रोजगारी वढ्ने या नवढ्ने वारे प्रश्नहरू सोध्दा उत्पादित वस्तुको वजारमा माग,कच्चा पदार्थको उपलव्धता,भारतवाट आयात गरिने माल सामानमा सरकारको भंसार नीति आदिमा भर पर्दछ भनि वताएका थिए । हालको स्थितीमा यस जिल्ला स्थित उद्योगहरुमा रोजगारीको संख्या नगण्य रुपमा मात्र वृद्धि हुने देखिन्छ । केहि प्राविधिक पदमा वाहेक ठुला उद्योगहरुमा जनशक्तिको माग ज्यादै न्यून रहेको देखिन्छ । तर सांना उद्योगहरू व्यापारिक संस्थाहरू र अन्य गैर कृषि क्षेत्रमा भने रोजगारी वृद्धि हुने देखिन्छ । यस क्षेत्रमा संचालित उद्योग प्रतिष्ठानहरुमा करिव ७५ प्रतिशत जति साना तथा घरेलु स्तरका नै देखिन्छन । प्राप्त तथ्यांक अनुसार यीसाना तथा घरेलु स्तरका उद्योगहरुमा काम गर्ने विशेष गरि मिलर,मेशिन मेकानिक्स,अटो मोवाइल मेकानिक्स,लेथ मेशिन अप्रेटर ,सिकर्मी, प्लाष्टर,वडि मेकर्स,कम्पोजिटर,वाइन्डर हरुको अभाव देखिन्छ । भविष्यमा यी शिपहरुमा अफ वढि जनशक्ति माग हुने विचार उद्योग प्रतिष्ठानहरुले व्यक्त गरेका थिए।

यस क्षेत्रमा संचालित उद्योग प्रतिष्ठानहरू धेरै जसो कम क्षमतामा संचालन भईरहेको कुरा सर्वेक्षणबाट पत्ता लागेको छ । कम क्षमतामा संचालन गर्नु परेका कारणहरूमा आयात तथा देशका अन्य भागमा संचालित उद्योग प्रतिष्ठानहरू संग प्रतिस्पर्धा गर्नु पर्ने आवश्यक कच्चा पदार्थको अभाव, उत्पादित वस्तुको बजारमा मागमा कमि, आर्थिक कठिनाई, विजुलीको आपूर्तिमा अनियमितता, कच्चा पदार्थमा तयारी सामानमा भन्दा बढि भन्सार दर, विक्री कर, ढिला सुस्ति आदि हुन भनि सम्वन्धित व्यक्तिहरूले बताएका थिए । उपरोक्त कारणहरूको साथै सहायक उत्पादनको बजारमा माग ज्यादै कम हुनाले पनि पूर्ण क्षमतामा उद्योगहरू संचालन गर्न कठिनाई परिरहेको कुरा विभिन्न व्यक्तिहरूले बताएका थिए । उपरोक्त कठिनाईहरू हटाई दिएको खण्डमा उद्योग प्रतिष्ठानहरू पूर्ण क्षमतामा संचालन हुने र थप व्यक्तिहरूलाई रोजगारी उपलब्ध गराउन सकिने राय उद्योग प्रतिनिधिहरूले व्यक्त गरेका थिए ।

केहि जिल्लाहरूलाई छाडी देशका अन्य जिल्लाहरूको दांजोमा यस जिल्लामा उद्योग स्थापनाको रफ्तार निकै अगाडि बढेको छ । नगर पंचायत क्षेत्रको साथै नगर पंचायत र राजमार्ग संग जोडिएको केहि गाउं पंचायतहरू दिन प्रति दिन गुल्जार हुदै गहिरहेका र यी गाउं पंचायतहरूमा सानो तथा घरेलु उद्योगहरूको स्थापना हुदै गहिरहेको कुरा गाउं पंचायतका प्रधान पंच, उप-प्रधान पंच लगायत अन्य व्यक्तिहरूले बताएका थिए । यस्ता उद्योगहरूको स्थापनाबाट ग्रामिण जनताहरूलाई केहि मात्रामा मात्र भए पनि रोजगारीका अवसरहरू प्रदान गरिरहेका छन तर ग्रामिण क्षेत्रमा उद्योग स्थापनाको रफतार ज्यादै मन्द गतिमा भएको कुरा सर्वेक्षणबाट पत्ता लागेको छ ।

नेपालका अन्य जिल्लाहरूमा जस्तै यस जिल्लामा पनि शहरी क्षेत्रमा भन्दा ग्रामिण क्षेत्रमा बढि मानिसहरू बेरोजगार तथा अर्ध बेरोजगारको रुपमा रहेका देखिन्छन । ग्रामिण क्षेत्रमा कृषि एक मात्र रोजगारीको श्रोत भएको कारण रोजगारीको अवसर सिमित मात्रामा मात्र देखिन्छ । श्रम बजारमा हरेक वर्ष थपिन्दै गएको श्रम शक्ति अन्य रोजगारीको अवसरहरूको अभावमा बाध्य भएर कृषि क्षेत्रमानै

लाग्नु परिरहेको छ । यो क्रम अफ वर्षौं जम्म हुने देखिन्छ । ग्रामिण क्षेत्रमा वसोवास गर्ने केहि व्यक्तिहरू नोकरी, व्यापार तथा अन्य पेशामा लागेता पनि उनिहरूको आयमा कृषि वाट प्राप्त हुने आयको मात्रामाने वढि हुने गरेको कुरा थाहा हुन आएको छ । पशुपालन,नोकरी,फलफुल खेती,माछा पालन,हास पालन, कुखुरा पालन,तरकारी खेति, जस्ता व्यवसायहरू ग्रामिण जनताहरूको सहायक पेशाको रूपमा रहि आएका छन् । यस वाहेक कृषिमा काम नहुदा मजदुरी गरि जिवीका चलाउने गरेको थाहा हुन आएको छ ।

सर्वेक्षण वाट थाहा भए अनुसार यस जिल्लाको उत्तर तिर रसिलो र राजमार्ग को नजिक परेको हुंदा साना तथा घरेलु उद्योगहरूको संख्या विस्तार विस्तार वढदै गई रहेको छ भनि त्यस क्षेत्रका प्रधान पंच,उप-प्रधान पंच,शिक्षक आदि व्यक्तिहरूले वताएका थिए । यस क्षेत्रमा सिमित मात्रामा साना चामल,पिठो,तेल,पेल्ने मिल, कपडा वुन्ने उद्योगहरू छन भनि विभिन्न व्यक्तिहरूले वताएका थिए । यस वाहेक घरायसी कार्यको लागि डोरी वाट्ने,टोकरी वुन्ने काम पनि हुन्छ र यी वाहेक अरू गैर कृषि नभएको कुरा थाहा हुन आएको छ । वजारमा विदेशवाट आयात भएका माल सामानहरू उपलब्ध हुने हुंदा यहांका वासिन्दाहरूको पनि त्यस प्रति चाख वढेकोले एक दुई वटा सानो कपडा उद्योगले उत्पादन गरेको कपडा पनि विक्री हुन गाह्रो भएको छ भनि सर्वेक्षणको समयमा विभिन्न व्यक्तिहरूले वताएका थिए ।

रूपन्देही जिल्ला यातायातको सुविधा र भारतिय सिमा संग जोडिएको हुंदा दुई वटा नगर पंचायतहरू र आसपासका गाउं पंचायतहरूमा निर्माण कार्यहरू तिव्र रूपमा वढि रहेका छन । नगर पंचायत क्षेत्र भित्र र केहि गाउं पंचायतहरूमा ठुला ठुला आधुनिक भवनहरू निर्माण गर्नु पर्दा ददा भारतिय मिस्त्रीहरूलाई काममा लगाउने र गरेको कुरा थाहा हुन आएको छ । तर ग्रामिण क्षेत्रमा निर्माण हुने निजी घरहरू ,स्कुलहरू,पंचायत भवन आदिको निर्माणमा स्थानीय मिस्त्रीहरू लाई काममा लगाउने गरेको तर उनिहरूमा शिप सम्वन्धि राम्रो ज्ञानको अभावले गर्दा निर्माणको स्तर कम

र टिकाउ पनि कम हुने कुरा विभिन्न व्यक्तिहरुले वताएका थिए । ग्रामिण दोत्रहरू मा सिकमी,डकमी,राइस मिल,ट्रेक्टर मर्मत गर्ने जनशक्ति अभाव भएको कुरा विभिन्न व्यक्तिहरुले वताएका थिए ।

ग्रामिण दोत्रमा कृषि संम्वन्धि कार्यहरू प्राय आफै गर्ने गरेका तर रोपाई र वालि काटने समय स्थानीय व्यक्तिहरुलाई ज्याला मजदुरीमा काममा लगाउनुको साथै केहि भारतिय मजदुरहरू लाई समेत काममा लगाउने गरेको कुरा सर्वेदाणवाट पत्ता लागेको छ । खेतीको समय (वर्षा) मा सिकमी,डकमी,लोहार,जस्ता पेशामा लाग्नेहरू पनि उक्त पेशा छोडी खेतीमा लाग्ने कुरा थाहा हुन आएको छ । त्यस समयमा वर्षा हुने हुंदा प्राय निर्माण कार्यहरू वन्द हुने हुंदा जिवीकोपार्जनको लागि खेतीमा लाग्नु परेको हो ।

ग्रामिण दोत्रहरू पिछडिएका र अविकशित दोत्रहरू हुन । ग्रामिण दोत्रमानै वेरोजगार तथा अर्ध वेरोजगारीको चाप वढि मात्रामा हुने हुंदा यस दोत्रमा नयां र रोजगारीका अवसरहरुको सिर्जना र अभिवृद्धि गर्दै लैजानु आजको प्रमुख आवश्यकता हुन आएको छ । रुपन्देही जिल्लाका विभिन्न गाउं पंचायतहरू संग संम्वन्धित व्यक्तिहरू संग ग्रामिण दोत्रमा व्याप्त वेरोजगार तथा अर्ध वेरोजगारी संम्वन्धमा छलफल गरिएको थियो । उनिहरुले ग्रामिण दोत्रमा व्याप्त वेरोजगार समस्या केहि हद सम्म समाधान गर्नको लागि कृषिमा आधुनिकरण र विविधिकरण गर्नु पर्ने,माछा पालन,हांस पालन,कुखुरा पालन,वंगुर पालन,त्यस् कृषिकहरुलाई आर्कषण गराउनु पर्ने साना तिना घरेलु उद्योगहरू स्थापना गरिनु पर्ने कुरामा जोड दिएका थिए । यस वाहेक महिला रोजगारीको लागि सिलाई कटाई,कपडा वुनाई,ढकि वुनाई, ढाकाको टोपी वुनाई,जस्ता शिपहरुमा तालिमको व्यवस्था गरि तालिम उपलव्ध गराउनु पर्दछ र तालिम समाप्त भए पछि उनिहरुलाई तालिम लिएको विषयमा काम गर्न मेशिन तथा कच्चा पदार्थ खरिद गर्न ऋणको सुविधा कुनै निकायवाट उपलव्ध गराउनु पर्ने विचार पनि व्यक्त गरेका थिए ।

शर्भेदाणको समयमा विभिन्न गाउं पंचायतका प्रधान पंच,उप-प्रधान पंच,वार्ड र सदस्यहरू संग स्थानिय शिप र श्रोतको आधारमा उनिहरूको गाउं पंचायतमा के कस्ता उद्योगहरू स्थापना गर्न सकिन्छ भन्ने प्रश्नहरू गरिएको थियो । विभिन्न गाउं पंचायतहरूमा साना साना मिलहरू ( दाल,तेल,मैदा) जुत्ता वनाउने उद्योगहरू,इंटा उद्योगहरू,माटोको भांडा वनाउने,सम्वन्धि उद्योगहरू,काठको फर्निचर ,वासंको फर्निचर,गहुंको नलवाट ढकि पंखा जस्ता व्यवसायहरूको विकास हुन शक्छ भनि आफ्नो राय व्यक्त गरेका थिए । उपरोक्त प्रकारका उद्योगको स्थापना गर्न सकेको खण्डमम स्थानीय शिप र श्रोतको परिचालन हुनुको साथै केहि हद सम्म मात्र भए पनि ग्रामिण क्षेत्रमा केहि व्यक्तिहरूको वे रोजगारी समस्या समाधान हुन जाने कुराको राय विभिन्न व्यक्तिहरूले प्रकट गरेका थिए । उपरोक्त उद्योगहरू संचालनको लागि आवश्यक श्रृणको व्यवस्था हुन पर्ने कुरा पनि उनिहरूले वताएका थिए ।

सामुदायिक कार्यक्रम सम्वन्धमा प्रश्नहरू गर्दा सवैले यसको स्वागत गरेका र यस कार्यक्रम अन्तर्गत समय समयमा स्कुल भवन निर्माण,पंचायत भवन निर्माण,पानी टैंकि निर्माण ,सिंचाई कुलो निर्माण जस्ता कार्यहरू गर्ने गरेको कुरा वताएका थिए। यस कार्यक्रमलाई अझ वढाउदै लैजानु पर्ने कुरामा प्रधान पंच,उप-प्रधान पंचहरू वार्ड सदस्यहरूले जोड दिएका थिए । यस कार्यक्रमको लागि आवश्यक प्राविधिक सर सल्लाह र केहि निर्माण सामाग्री श्री ५ को सरकारले उपलब्ध गराई दिएको खण्डमा यस कार्यक्रमवाट ग्रामिण जनताहरूलाई निकै फाइदा पुग्ने राय पंचायत संग सम्वन्धित व्यक्तिहरूले व्यक्त गरेका थिए ।

## ८. रोजगार वृद्धिमा परेका कठिनाईहरू :

शर्भेदाणको सिलसिलामा शर्भेदाण टोलीले उद्योग प्रतिष्ठानका उद्योग पति हरू र उद्योग संग सम्वन्धित व्यक्तिहरू संग उनिहरूको उद्योग प्रतिष्ठानहरूमा रोजगार र उत्पादन वृद्धिका वारेमा विभिन्न प्रश्नहरू गरेको थियो । यस क्षेत्रमा जम्मा ४५

वटा उद्योगहरूमा शर्भेक्षण गरिएको थियो। शर्भेक्षण गरिएका उद्योगहरू मध्ये धेरै जसोले मुख्य कठिनाईको रूपमा कच्चा पदार्थ, शिपयुक्त जनशक्तिको अभाव, नयां मेशिनको अभाव, आर्थिक कठिनाई आदि वताएका थिए भने केहिले उत्पादित वस्तुको वजारमा मागको कमि र आयातित वस्तुसंग प्रतिस्पर्धाले गर्दा आफ्नो प्रतिष्ठान पूर्ण क्षमतामा संचालन हुन नसकेको जस्ले गर्दा रोजगारी तथा उत्पादनमा वृद्धि हुन नसकेको कुरा वताएका थिए ।

साना तथा घरेलु उद्योगहरूको हकमा आर्थिक कठिनाई, शिपयुक्त जनशक्तिको अभावलोई रोजगार वृद्धिमा मुख्य कठिनाईको रूपमा वताएका थिए । यस वाहेक कच्चा पदार्थमा काठ, दाउरा, धागो, धान, गहुं इत्यादिको अभाव पनि कठिनाईको रूपमा रहेको कुरा वताएका थिए । त्यस्तै छिमेकी देश भारतको सिमा क्षेत्रवाट माल सामानहरू गैर कानूनी ढंगवाट आई वजारमा उपलव्ध भएको कारण साना तथा घरेलु उद्योगहरूले आफ्नो उत्पादनलाई पर्याप्त मात्रामा स्थानीय वजारमा विक्री गर्न सकेका छैनन ।

ग्रामिण क्षेत्रमा रोजगार वृद्धिमा अवरोधको रूपमा रहेको सवभन्दा मुख्य तत्व आर्थिक कठिनाई हो । यस पछि शिपयुक्त जनशक्ति, कच्चा पदार्थ वजारको अभाव र उद्योग कलकारखानाको विकास नहुनु आदि हुन । ग्रामिण जनताहरूको पुरानो विचार शैली, गैर कृषि पेशा सम्वन्धि ज्ञानको अभाव, ग्रामिण तथा घरेलु उद्योग सम्वन्धि प्रचार प्रसारको कमि इत्यादि तत्वहरू मुख्य अवरोधको रूपमा रहेका छन भनि विभिन्नि पंचायतका प्रधान पंच, उप-प्रधान पंच, वार्ड सदस्य आदि व्यक्तिहरूले वताएका थिए ।

## ८. गैर- नेपालीहरूको संलग्नता :

नेपाल अधिराज्यका अन्य जिल्लाहरूमा जस्तै यस जिल्ला स्थित उद्योग प्रतिष्ठानहरूमा पनि गैर नेपालीहरूको संलग्नता देखिन्छ । शर्भेक्षण गरिएका ४५

उद्योगहरूमा संलग्न२१०७ व्यक्तिहरू मध्ये १०३ अर्थात ४.८ प्रतिशत गैर नेपालीहरू विभिन्न पेशामा संलग्न भएको देखिएको छ । तालिका नं. ३ मा उद्योग प्रतिष्ठान हरूमा गैर नेपालीहरूको संलग्नता वारे दिइएको छ ।

तालिका नं. ३

| क्र.सं. | उद्योग प्रतिष्ठानहरू | नेपाली | गैर नेपाली | जम्मा |
|---|---|---|---|---|
| १. | फलाम सम्बन्धि उद्योगहरू | २८१ | १६ | २९७ |
| २. | स:मिल र फर्निचर उद्योग | २८६ | १० | २९६ |
| ३. | छापाखाना उद्योगहरू | ५४ | ८ | ६२ |
| ४. | पाउरोटी र बिस्कुट उद्योगहरू | ३३२ | ५ | ३३७ |
| ५. | ब्लक र मोज्याक उद्योग | २७ | – | २७ |
| ६. | अन्य उद्योगहरू | १८२४ | ६४ | १८८८ |
| | जम्मा: | २००४ | १०३ | २१०७ |

नोट:- गैर नेपालीहरूको संलग्नता सबभन्दा बढि फुटा उद्योगहरूमा भएको कुरा पता लागेका तर समयको अभावले गर्दा निर्धारण गर्न सकिएन ।

CN 266 677

शर्वेदाण गरिएका उद्योग प्रतिष्ठानहरू मध्ये फलाम सम्वन्धि उद्योगहरूमा ५.३ प्रतिशत,स:मिल र फर्निचर सम्वन्धि उद्योगहरूमा ३.३ प्रतिशत,छापाखाना उद्योगहरूमा १२.८ प्रतिशत,पाउरोटी र विस्कुट उद्योगहरूमा १.४ प्रतिशत,लक्का र मोम्वाक संम्वन्धि उद्योगहरूमा गैर नेपालीहरूको संलग्नता नभएको र अन्य उद्योग हरूमा ५.८ प्रतिशत गैर नेपालीहरूको संलग्नता रहेको कुरा थाहा हुन आएको छ।

हाम्रो देशमा एकातिर गैर नेपाली श्रमिक संलग्न देखिन्छ भने अर्को तिर वहुसंख्यक नेपालीहरू वेरोजगार तथा अर्ध वेरोजगार भएर वसिरहेका छन । संगठित तथा असंगठित दुवै क्षेत्रमा गैर नेपालीहरू भित्रीने क्रम दिन प्रति दिन वढदै गएको देखिन्छ । यस समस्या प्रति समयमै आवश्यक कदमहरू नचालिएमा भविष्यमा जटिल राष्ट्रिय समष्याको रूपमा देखा पर्न सक्ने देखिन्छ ।

संगठित उद्योग प्रतिष्ठानहरूमा भन्दा असंगठित गैर कृषि व्यवसाय तथा निमार्ण क्षेत्रमा धेरै संख्यामा गैर नेपालीहरूको संलग्नता वढि भएको कुरा स्थानीय वासिन्दाहरूले वताएका थिए । शहरी क्षेत्र र उद्योग प्रतिष्ठानहरू वाहेक ग्रामिण क्षेत्रमा सिकर्मी,डकर्मी,:पाष्टर,मिलर,स:मिल,वर्कशप मकानिक्स,विद्युत जडान,पाइप जडान, जस्ता पेशाहरूमा पर्याप्त मात्रामा गैर नेपालीहरूको संलग्नता छ भनि प्रधान पंच,उप-प्रधान पंचहरू ,सदस्यहरू अन्य व्यक्तिहरूले वताएका थिए ।

१०. <u>जनशक्तिको माग :</u>

शिपयुक्त जनशक्ति देशको लागि वरदान सावित हुन्छ भने शिपरहित व्यक्ति अभिसाप जस्तै हुन्छ । हाम्रो जस्तो अविकसित मुलुकमा वहुसंख्यक व्यक्तिहरू वेरोजगार तथा अर्ध वेरोजगार भएर वसेको देखिन्छ भने संचालित उद्योग प्रतिष्ठान हरू र विकास आयोजनाहरू पुरा गर्न आवश्यक पर्ने शिपयुक्त जनशक्तिको अभावले गर्दा कयौं आयोजनाहरू पुरा गर्न नसकिराखेको देखिन्छ । हाम्रो देशमा पनि शिपयुक्त दक्ष नेपाली जनशक्ति देश भित्र संचालित उद्योग प्रतिष्ठानहरू र विकास

आयोजनाहरुको वृहद मागलाई पुरा गर्न नसकि राखेको देखिन्छ ।

रुपन्देही जिल्ला स्थित उद्योग प्रतिष्ठानहरुमा प्रशासनिक तथा प्राविधिक जनशक्तिको माग ज्यादै सिमित भएको कुरा थाहा हुन आएको छ । केहि पदहरू थिए जुन पहिलनै पूर्ति भइसकेको छ । धेरै जसो उद्योग प्रतिष्ठानहरुले शिप अभिवृद्धि तालिमको माग गरेका थिए । माग गरिएको शिप अभिवृद्धि तालिममा प्रैश कम्पोजिटर,वेकर मास्टर, माष्टर,ह्यूम पाइप मेकर,जनरल मेकानिक्स,वडि मेकर,लेथ मेशिन अप्रेटर,फर्निचर मेकर, स:मिल, पोलीसर इत्यादि हुन ।

सिद्धार्थनगर नगर पंचायत र वुटवल नगर पंचायत क्षेत्र भित्रका साना तथा घरेलु उद्योग र गैर कृषि व्यवसायको लागि आवश्यक भएको जनशक्ति अभाव भएको महसूस गरिएको थियो । सिकर्मी,डकर्मी,फर्निचर मेकर,स:मिल,वर्कसप मेकानिक्स, अटोमोवाइल मेकानिक्स,पम्पसेट मेकानिक्स जस्ता शिपहरुको अभाव भएको कुरा विभिन्न व्यक्तिहरुले वताएका थिए

गाउं पंचायतहरुमा स्थानीय कार्यहरुको लागि केहि मात्रामा स्थानीय कालिगढहरू उपलव्ध हुने गरेको छ । तर शिप सम्वन्धि राम्रो ज्ञानको अभावको कारण उनीहरुको कार्यक्षमता कम तथा उनीहरुवाट उत्पादित वस्तुको स्तर कम हुने गरेकोले ग्रामिण क्षेत्रमा स्कूल घर,पंचायत घर निर्माण गर्नु पर्दा नगर पंचायत क्षेत्र वा छिमेकी देश भारत वाट दक्ष जनशक्ति ल्याउने गरेको कुरा विभिन्न व्यक्तिहरुले वताएका थिए । ग्रामिण क्षेत्रमा अभाव भएका शिपहरुमा सिकर्मी,डकर्मी,मिलर, इंटा वनाउने,माटाका भांडा वनाउने,सिलाई कटाई,सिलाई वुनाई, आदि हुन भनि विभिन्न व्यक्तिहरुले वताएका थिए ।

शर्भेक्षणको सिलसिलामा गाउं पंचायतका प्रधान पंच,उप-प्रधान पंच,वार्ड सदस्य शिक्षक तथा ठाउं संग परिचित व्यक्तिहरू संग ग्रामिण क्षेत्रमा चालि आएको पंरम्परागत शिपलाई विकास गर्न तालिम संचालन गर्न आवश्यक छ कि भनि प्रश्नहरू गर्दा उनीहरुले यसमा सहमति जनाई यस्तो शिपमा पेशागत व्यक्तिलाई नै तालिममा

मौका दिइएमा तालिम समाप्त गरि उक्त शिप सम्बन्धि पेशामा लाग्ने धेरै संभावना छ भन्ने राय व्यक्त गरेका थिए ।

११. जनशक्तिको आपूर्ति :-

लुम्बिनी अंचल रुपन्देही जिल्लाको सिद्धार्थ नगर पंचायत भित्र त्रिभुवन विश्व विद्यालय अन्तर्गत मानविकी तथा सामाजिक शास्त्र अध्ययन संस्थान पकलीहवा क्याम्पस, नारी शिल्प केन्द्र र केहि नीजी प्रशिक्षण केन्द्रहरू जनशक्ति उत्पादन गर्ने कार्यमा लागेका छन । क्याम्पसवाट उत्पादित जनशक्ति अप्राविधिक हुने हुंदा श्रम वजारमा विक्न निकै गाह्रो हुने कुरा थाहा हुन आएको छ । वुटवल नगर पंचायत क्षेत्रमा श्रमिक आपूर्ति केन्द्र, वुटवल टेक्निकल इन्स्टिच्युत, घरेलु उद्योग कार्यालय प्राविधिक जनशक्ति उत्पादनमा तल्लिन छन । यी प्राविधिक जनशक्ति श्रम वजारमा सजिलै विक्ने र स्वंय रोजगारी गरि वस्न सक्ने कुरा थाहा हुन आएको छ । कृषि तथा पशु विज्ञान अध्ययन संस्थान पकलीहवा क्याम्पसवाट उत्पादित जनशक्ति श्री ५ को सरकारका कृषि मन्त्रालय अन्तर्गतका निकायहरूमा नोकरी पाउन सक्ने कुरा थाहा हुन आएको छ । केसह उद्योग प्रतिष्ठानहरूले आफुलाई आवश्यक पर्ने जनशक्ति आफ्नो उद्योगमा आप्रेन्टिस राखि तालिम प्रदान गरि आपूर्ति गर्ने गरेको कुरा थाहा हुन आएको छ । तल दिएको तालिका नं. ४.५. र ६ मा क्याम्पस र तालिम केन्द्रवाट उत्पादन हुने जनशक्ति वारे दिइएको छ ।

## तालिका नं. ४

आ.व. ०४४।०४५ मा उत्पादन हुने संख्या :

| क्र.सं. | अध्ययनको विषाय | अवधि | लक्षित संख्या |
|---|---|---|---|
| १. | मानविकी तथा सामाजिक | | |
| | अध्ययन : | | |
| | (क) प्रमाण पत्र तह | २ वर्षे | २०० |
| | (ख) स्नातक तह | २ वर्षे | १२५ |

## तालिका नं. ५

आ.व. ०४४।०४५ मा उत्पादन हुने संख्या :

| क्र.सं. | अध्ययनको विषाय | अवधि | लक्षित संख्या |
|---|---|---|---|
| १. | कृषि तथा पशु विज्ञान | | |
| | (क) प्रमाण पत्र तह प्रथम वर्ष | १ वर्षे | १७५ |
| | (जे.टि.ए.) | | |
| | (ख) प्रमाण पत्र तह दोश्रोवर्ष | १ वर्षे | २०० |
| | (जे.टि.) | | |

तालिका नं. ६

नारीशिल्प कला केन्द्र भैरहवा वाट आ.व. ०४४।०४५ मा उत्पादन हुने जनशक्ति :

| क्र.सं. | तालिमको विषय | अवधि | उत्पादित संख्या |
|---|---|---|---|
| १. | सिलाई | ३ महिने | ८० जना |

श्रोत :- यि माथि दिएका तथ्यांक सम्वन्धित क्याम्पस र तालिम केन्द्रवाट प्राप्त भएको ।

१२. जनशक्ति माग र आपूर्ति विच समन्वय :-

रुपन्देही जिल्ला स्थित उद्योग प्रतिष्ठानहरू र अन्य गैर कृषि कार्यको लागि आवश्यक जनशक्तिको माग विभिन्न क्याम्पसहरू र तालिम केन्द्रहरूवाट उत्पादन हुने जनशक्तिलाई हेर्दा निम्न कुराहरू स्पष्ट देखिन्छ ।

यस जिल्ला स्थित उद्योग प्रतिष्ठानहरू प्राविधिक जनशक्ति र प्रशासनिक जनशक्तिको माग ज्यादै सिमित भएको र मध्यम स्तरिय जनशक्ति धेरै जसोले आफ्नै उद्योगहरूमा आप्रेन्टिस तालिम चलाई आपूर्ति गर्ने गरेको कुरा थाहा हुन आएको छ। जिल्ला स्थित उद्योगहरूलाई आवश्यक पर्ने खालको जनशक्ति यहांका तालिम केन्द्रहरूले उत्पादन गरिरहेको जस्तो देखिन्दैन । भैरहवा क्याम्पसवाट उत्पादित जनशक्ति अप्राविधिक हुने हुंदा यहां स्थित उद्योगहरूमा नगण्य माग हुने हुंदा पढाई समाप्त गरे पछि रोजगारीको लागि अन्यत्र जाने र कृषि तथा पशु विज्ञान अध्ययन क्याम्पस पकलिहवा वाट उत्पादन हुने जनशक्ति पढाई पुरा गरे पछि कृषि मन्त्रालय अन्तर्गत रोजगारी पाउने गरेको कुरा शर्भेक्षणवाट पत्ता लागेको छ ।

यस दौरमा गैर कृषि व्यवसायको लागि आवश्यक पर्ने प्राविधिक जनशक्ति केहि हद सम्म मात्र भए पनि वुटवल टेक्निकल इन्स्टच्युत,श्रमिक आपूर्ति केन्द्र,घरेलु तथा ग्रामिण उद्योग कार्यालयवाट उत्पादन गरिरहेको देखिन्छ । श्रमिक आपूर्ति केन्द्र र घरेलु कार्यालयवाट उत्पादन भएको जनशक्ति तल्लो तहको हुने हुंदा उद्योग प्रतिष्ठानहरूको आवश्यकता अनुसार नभएको वुझिएको छ । त्यस्तै नारी शिल्प कला केन्द्र मै रहवाले शुल्क लिई महिलाहरूलाई ३ महिलने सिलाई प्रशिक्षण प्रदान गर्नुको साथै अन्य नीजि प्रशिक्षण केन्द्रहरूले पनि सिलाई वुनाई,कटाई वुनाई जस्ता विषयहरूमा प्रशिक्षण प्रदान गर्ने गरेको कुरा थाहा हुन आएको छ ।

शर्वेक्षणको समयमा विभिन्न उद्योग पतिहरूलाई आप्रेन्टिस तालिम र विदेशीको साथ काउन्टर पार्ट राखि काम सिकाउने जस्ता विषयहरूमा प्रश्नहरू गरिएको थियो । धेरै जसो उद्योग पतिहरूले यस विषयको समर्थन गरेका थिए । केहि उद्योगहरूले मात्र आर्थिक भारको कारणले गर्दा आप्रेन्टिस र काउन्टर पार्टको विषयमा नकारात्मक भावना व्यक्त गरेका थिए ।

आफ्नो श्रमीकहरूलाई कुनै उपयुक्त तालिम केन्द्रमा शिप वृद्धि तालिमको निमित्त पठाउने सन्दर्भमा सोधिएको प्रश्नको जवाफमा शर्वेक्षण गरिएका करिव ६० प्रतिशत उद्योगहरूले आफ्नो काम संग संम्वन्धित तालिम संचालन भएमा पटक पटक गरि आफ्ना श्रमिकहरूलाई पठाउन सकिने राय व्यक्त गरेका थिए । वांकिले आफ्नो स्तर सानो भएको हुंदा श्रमिकहरूलाई तालिममा पठाउदा आफ्नो उत्पादनमा असर पर्ने हुंदा पठाउन नसकिने कुरा वताएका थिए ।

अन्तमा उद्योग प्रतिष्ठानहरूलाई श्रमिक आपूर्ति केन्द्रद्वारा दिइएको तालिमको विषयहरूमा प्रश्न गर्दा हाल सम्म उक्त केन्द्रले दिइएको तालिम उद्योग प्रतिष्ठानहरूको लागि मिल्दो जुल्दो छैन र त्यहांवाट उत्पादन भएको व्यक्ति शिपमा निपुण नभएको कुरा पनि व्यक्त गरेका थिए । उनीहरूले श्रमिक आपूर्ति केन्द्रलाई सुदृढिकरण गरि तालिमको स्तरलाई वढाउनुको साथै उद्योगहरूलाई

आवश्यक हुने खालका शिपमा तालिम दिनु पर्ने कुरामा जोड दिएका थिए ।

१३. निष्कर्ष :-

शर्भेक्षणवाट प्राप्त जानकारी अनुसार रूपन्देही जिल्लामा संचालित उद्योग प्रतिष्ठानहरू कम क्षमतामा संचालन भइरहेको हुंदा रोजगारको अवसर पनि नगण्य मात्रामा मात्र वृद्धि भइरहेको छ । तर नगर पंचायत संग जोडिएको आसपासका गाउं पंचायतहरूमा भने गैर कृषि व्यवसायको विकासले गर्दा रोजगारीका अवसरहरू पनि विकास हुने संभावना देखिन्छ ।

यस जिल्ला स्थित उद्योग प्रतिष्ठानहरू पूर्ण क्षमतामा चल्न नसक्नाका कारण हरूमा कच्चा पदार्थको अभाव,आर्थिक कठिनाई,वजारको अभाव आदि हुन ।

ग्रामिण क्षेत्रहरूमा साना तथा घरेलु उद्योगहरूको विकास हुन सकेको छैन । यसका मुख्य कारणहरूमा उद्योग संम्वन्धि प्रचार प्रसारको कमि,आर्थिक कठिनाई, शिप युक्त जनशक्तिको खांचो आदि भएको कुरा जानकारीमा आएको छ । त्यस्तै यस रूपन्देही जिल्लाको नगर पंचायत क्षेत्रमा भन्दा ग्रामिण क्षेत्रमा वेरोजगारी समस्या चर्को रूपमा देखा परेको छ । यसको मुख्य कारण ग्रामिण क्षेत्रमा गैर कृषि व्यवसायको विकास नहुनु नै हो । ग्रामिण वेरोजगार व्यक्तिहरू मजदुरीको लागि देशका अन्य जिल्लाहरू र भारतमा समेत जाने गरेको कुरा थाहा भएको छ ।

जिल्ला स्थित ४५ वटा उद्योगहरू शर्भेक्षण गरिएको जसमा २१०७ व्यक्तिहरू ले रोजगारी पाइरहेको छ । यी २१०७ मध्ये ९०७ जना गैर नेपालीहरू भएको कुरा जानकारीमा आएको छ । समयको अभावले गर्दा इंटा उद्योगको शर्भेक्षण गर्न सकिएन। इंटा उद्योगहरूमा गैर नेपालीहरूको संलग्नता वढि होला भन्ने अनुमान शर्भेक्षण टोलीले गरेको छ । असंगठित गैर कृषि क्षेत्र र निर्माण क्षेत्रमा गैर नेपालीहरूको चाप वढि भएको कुरा विभिन्न व्यक्तिहरूले वताएको थिए ।

जिल्ला स्थित उद्योग प्रतिष्ठानहरूमा प्रशासनिक र उच्च स्तरिय प्राविधिक जनशक्तिको माग ज्यादै कम देखिन्छ । मध्यम स्तरिय प्राविधिक जनशक्ति उद्योगहरूले आफैले आप्रेन्टिस तालिम चलाई पूर्ति गर्ने गरेका र विदेशीको साथ काउन्टर पार्ट राख्ने गरेको कुरा समेत जानकारी हुन आएको छ । जिल्ला स्थित श्रमिक आपूर्ति केन्द्र ,नारी शिल्प कला केन्द्र, र घरेलु उद्योग कार्यालयवाट उत्पादन हुने जनशक्ति तल्लो स्तरको हुने हुंदा उद्योगहरूमा रोजगारी हुन नसक्ने कुरा पत्ता लाग्न गएकोछ ।

सामुदायिक कार्यक्रम अन्तर्गत ग्रामिण क्षेत्रमा प्रशस्त विकास निर्माणको कार्यहरू हुने गरेको कुरा थाहा हुन आएको छ । यस कार्यक्रमलाई अझ वढि प्रभावकारि रूपमा संचालन गर्नु पर्दछ भनि विभिन्न व्यक्तिहरूले वताएका थिए ।

वुटवल स्थित श्रमिक आपूर्ति केन्द्र जिल्लाको निमित्त अतिनै उपयोगि भएको तर आपूर्ति केन्द्रको तालिम उद्योगहरूको आवश्यकता संग मिल्दो जुल्दो नभएकोले यस तर्फ सम्वन्धित निकायले ध्यान दिनु पर्दछ भनि शर्वेक्षणको क्रममा विभिन्न व्यक्तिहरूले सुझाव दिएका थिए ।

समाप्त